क्र.नं. ८

आज मिति २०७५ साल कार्तिक १३ गते गौरीगंगा नगरपालिका नगर प्रमुख श्रीमान भिम वहादुर देउवाज्यूको अध्यक्षतामा नगरकार्यपालिकाको वैठक वसी देहायमा उल्लेखित पदाधिकारीज्यूहरुको उपस्थितिमा देहायमा उल्लेखित प्रस्तावहरु माथि छलफल तथा निर्णय गरियो ।

उपस्थिति

| सिं.नं. | नामथर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री भिम वहादुर देउवा | नगर प्रमुख | |
| २ | श्री अञ्चला चौधरी | नगर उप–प्रमुख | |
| ३ | श्री जगतराम चौधरी | कार्यपालिका सदस्य | |
| ४ | श्री जनक वहादुर साउँद | कार्यपालिका सदस्य | |
| ५ | श्री नरेन्द्र वहादुर शाह | कार्यपालिका सदस्य | |
| ६ | श्री भागरथि विष्ट | कार्यपालिका सदस्य | |
| ७ | श्री जंग वहादुर वि.क. | कार्यपालिका सदस्य | |
| ८ | श्री कमला कुमारी शर्मा (ओझा) | कार्यपालिका सदस्य | |
| ९ | श्री दल वहादुर कुमाल | कार्यपालिका सदस्य | |
| १० | श्री तुलाराम सापकोटा | कार्यपालिका सदस्य | |
| ११ | श्री हरी प्रसाद तिवारी | कार्यपालिका सदस्य | |
| १२ | श्री पदम वहादुर ऐर | कार्यपालिका सदस्य | |
| १३ | श्री विनोद कुमार चौधरी | कार्यपालिका सदस्य | |

| | | | |
|---|---|---|---|
| १४ | श्री हंस वहादुर नेपाली | कार्यपालिका सदस्य | |
| १५ | श्री नर सिंह सार्की | कार्यपालिका सदस्य | |
| १६ | श्री भक्त वहादुर वि.क. | कार्यपालिका सदस्य | |
| १७ | श्री मनमति देवी दुढा | कार्यपालिका सदस्य | |
| १८ | श्री अमृता देवी वि.क. | कार्यपालिका सदस्य | |
| १९ | श्री केशरानी कुमारी चौधरी | कार्यपालिका सदस्य | |
| २० | श्री विनिता देवी वि.के. | कार्यपालिका सदस्य | |
| २१ | श्री कल्पना देवी रोकामगर (वि.क.) | कार्यपालिका सदस्य | |
| २२ | श्री वीर वहादुर शाही | प्रमुख प्रशासकिय अधिकृत | |

आमन्त्रित

अकबु चन्द शा.अ.

इ. दालाराम जोशी

ले.अ. खेमराज ओझा

सि.अ. पुनम रेग्मी

प्रस्तावहरु

१ शोक प्रस्ताव पारित सम्वन्धमा ।

२ कृषीतर्फ विनियोजित रकमको वाँडफाँड सम्वन्धमा ।

३ पशुतर्फ विनियोजित रकमको वाँडफाँड सम्वन्धमा ।

४ शिक्षातर्फ विनियोजित रकमको वाँडफाँड सम्वन्धमा ।

५ सडकहरुको डि.पि.आर. सम्वन्धमा ।

६ आर्थिक सहयोग सम्वन्धमा ।

७ ताल ठेक्का सम्वन्धमा ।

८ झु.पु. सम्वन्धमा ।

९ अतरिया रेडक्रस भवन निर्माणका लागि आर्थिक सहयोग सम्वन्धमा ।

१० कवाडीकर संकलन ठेक्का सम्वन्धमा ।

११ कानून अधिकृत सेवा करारमा लिने सम्वन्धमा ।

१२ आयोजना तथा कार्यक्रम माग सम्वन्धमा ।

निर्णयहरु

निर्णय नं. १ :- प्रस्ताव नं.१ माथि छलफल गर्दा यस नगरपालिका वडा नं. ६ की वडाध्यक्ष श्री कमला कुमारी शर्मा ओझाका ससुरा स्वर्गिय श्री हरीलाल जोशीको ८६ वर्षको उमेरमा २०७५/०७/१२ गते स्वर्गारोहण भएको दुःखद खवरले कार्यपालिका वैठकमा उपस्थित पदाधिकारी तथा कर्मचारीहरु मर्माहत भएका छौ र यस दुःखद घडीमा मृत आत्माको चिरशान्तीको कामना र शोकाकुल परिवारलाई ईश्वरले धैर्य धारण गर्ने शक्ति प्रदान गरुन भन्ने कामनाकासाथ शोक प्रस्ताव पारित गरियो ।

निर्णय नं. २ :- प्रस्ताव नं.२ माथि छलफल गर्दा नगरसभावाट चालु आ.व.०७५/०७६ का लागि कृषितर्फ विभिन्न कार्यक्रम संचालनका लागि विनियोजित वजेटवाट वार्षिक कार्यक्रम तयार गरी आजको कार्यपालिका वैठकमा पेश भएकाले पेश भएको कार्यक्रममा व्यापक छलफल गरी तपसिलमा उल्लेखित कार्यक्रमहरु स्वीकृत गरी संचालन गर्ने निर्णय गरियो ।

तपसिल

२.१ माटो परिक्षण कार्यक्रम रु.१,६०,०००।−

२.२ कृषि प्रदर्शनी तथा पुरुस्कार वितरण रु.१,५०,०००।−

२.३ फलफुलका विरुवा खरिद तथा वितरण रु.३,५०,०००।−

२.४ राष्टिय धान दिवस रु.५०,०००।−

२.५ समुह लागत सहभागितामा उत्क्रिष्ट उद्यमी कृषक र प्राविधिक अध्ययन अवलोकन भ्रमण रु.९०,०००।−

२.६ विउ विजन खरिद तथा वितरण कार्यक्रम रु.१५,००,०००।−

२.७ १ जना प्राविधिक जे.टि.ए.ज्यालादारीमा नियुक्त गर्ने र सेवा व्यवस्थापन रु.२,००,०००।−

२.८ प्रांगारिक मल तथा जैविक विषादी वनाउने आई.पि.एम.तालिम सञ्चालनरु.३,००,०००।−

२.९ कृषक समुह,उद्यमी कृषक तथा व्यवसायिक कृषकहरुलाई आधुनिक कृषी व्यवसाय संचालन सम्वन्धी तालिम संचालन (मसुरिया र चौमाला २ स्थानमा ) रु.२,००,०००।−

कुल जम्मा रु.३०,००,०००।-

निर्णय नं. ३:- प्रस्ताव नं.३ माथि छलफल गर्दा नगरसभावाट चालु आ.व.०७५/०७६ का लागि पशुसेवा शाखातर्फ विभिन्न कार्यक्रम संचालनका लागि विनियोजित वजेटवाट वार्षिक कार्यक्रम तयार गरी आजको कार्यपालिका वैठकमा पेश भएकाले पेश भएको कार्यक्रममा व्यापक छलफल गरी तपसिलमा उल्लेखित कार्यक्रमहरु स्वीकृत गरी संचालन गर्ने निर्णय गरियो ।

तपसिल

३.१ पशु आहार वर्षे तथा हिउँदे घाँसको विउ खरिद रु.२,५०,०००|-

३.२ पशु पंक्षी उपचार सेवा औषधी खरिद रु.४,५०,०००|-

३.३ पशुशेवा शाखाका लागि फ्रिज खरिद रु.३५,०००|-

३.४ पशु प्रयोग शालाका लागि आवश्यक सामाग्री सेवा परीक्षण रु.२,००,०००|-

३.५ कृषकहरुको लागत सहभागितामा वाख्रा तथा वंगुर खोर सुधार (तालिम सहित) कार्यक्रम रु.५,५०,०००|-

३.६ छाडा चौपाया नियन्त्रण तथा व्यवस्थापन रु.२,००,०००|-

३.७ पशुपंक्षीलाई विभिन्न रोग विरुद्धखोप अभियान संचालनका लागि रु.३,१५,०००|-

कुल जम्मा रु.२०,००,०००|-

निर्णय नं. ४ :- प्रस्ताव नं.४ माथि छलफल गर्दा नगरसभावाट चालु आ.व.०७५/०७६ का लागि शिक्षातर्फ विनियोजित रकम रु.१,५०,००,०००|-वाट मिति २०७५/०६/२५ गते वसेको कार्यपालिका वैठकवाट विभिन्न शिर्षकमा विनियोजन गरी विनियोजन गर्न वाँकी रहेको रकम रु.३१,७५,०००|- वाट तपसिलमा उल्लेखित कार्यक्रमहरु स्वीकृत गरी संचालन गर्ने निर्णय गरियो ।

तपसिल

४.१ नगर शिक्षा समितिका पदाधिकारी,प्र.अ.र वि.व्य.स.हरुलाई शैक्षिक अवलोकन भ्रमण रु.३,३६,०००|-

४.२ कक्षा ८ को अन्तिम परिक्षा कार्यक्रम संचालन र व्यवस्थापन रु.५,००,०००|-

४.३ विद्यालय शैक्षिक क्यालेण्डर २०७६ सालको प्रकाशन रु.१,००,०००|-

४.४ वियालयलाई E-MIS अभिमुखिकरण कार्यक्रम रु.७५,०००|-

४.५ वियालय निरिक्षण अनुगमन रु.१,२०,०००|-

४.५ वाल शिक्षा सामाग्री रु.३,५०,०००|-

४.६ वडामा शिक्षा सम्वन्धी कार्यमा थप व्यवस्थापन वडासमितिबाट तोकिने १५४००० का दरले जम्मा रु १६९४०००/

कुल जम्मा रु.३१,७५,०००/-

निर्णय नं.५ :- प्रस्ताव नं.५ माथि छलफल गर्दा यस नगरपालिका अन्तरगतका तपसिलमा उल्लेखित सडकहरु तथा अन्य पूर्वाधार योजनाहरुको तत्काल डि.पि.आर.तयार गरी उक्त पूर्वाधारहरुको स्तरउन्नती तथा कार्यान्वय गर्ने निर्णय गरियो । साथै डि.पि.आर.तयारका लागि आवश्यक पर्ने रकम रु.४०,००,०००|-नगरसभावाट सडक कालपत्रे शिर्षकमा विनियोजित रकमवाट रु.२०,००,०००|- र कन्टेन्जेन्सी शिर्षकमा विनियोजित रकमबाट रु.२०,००,०००|- खर्च गर्ने निर्णय गरियो ।

डि.पि.आर.तयार गर्नुपर्ने सडकहरु

५.१ मंगलपुर -चनौरा -जोगनिया ताल हुदै ध. उ.म.न.पा.सिमाना जोड्ने सडक वडा नं. १

५.२ मंगलपुर -लठैया -माघी - गोप्का हुदै पिपल टोलसम्म वडा नं. १

५.३ चौमाला पुरानो बजार हुदै जलघुस्रासम्म वडा नं. २

५.४ झीलचौराहा-गौडी-क्रेशरटोल-वासुदेव हुदै वडा नं. २ भोजपुर जोड्ने ४४ फिट चौडाई भएको सडक वडा नं.३

५.५ राजीपुर पुरानो बजार देखी खुरखुरिया दक्षिण कुट्टी कटान सडक वडा नं. ४

५.६ बडैपुर-अण्डैया-शिशैया-वालुवागडा सडक वडा नं. ५

५.७ मसुरिया- कैलाशपुर -तालवन्द- ठन्नपानी सडक वडा नं. ७

५.८ चमारीपुर-बडैपुर-मट्कौना-कैलाशपुर सडक वडा नं. ८

५.९ राजमार्गदेखी दक्षिण मंगल वि.क.को घरदेखी -शंकरपुर-भगवानपुर हुदै-रजियावनखेत सडक वडा नं. ९

५.१० जंगलकिनार-पोखरी-काठमाण्डौ टोल-नक्कलिपुर हुदै भगतपुरसम्म सडक वडा नं. १०

५.११ मसुरिया-दमारीपुर- ऐठा छोट्की टिकापुर सडक वडा नं. ११

५.१२ वालुवाटार-पूर्विजिराईतहुदै - दानकोट सडक वडा नं. ५

५.१३ नेत्र साउँदको घरदेखी राजमार्गहुदै दैह्वारी सडक वडा नं. ६

५.१४ साझा वजार – स्वास्थ्य चौकी-पिपलडाँडाँ हुदै गिधनिया सम्म सडक वडा नं. ८

निर्णय नं. ६ :- प्रस्ताव नं.६ माथि छलफल गर्दा यस नगरपालिका वडा नं. ४ वस्ने श्री नविन धामीको छोरी रजनी धामीलाई दिमागको व्लड क्यान्सर भई भारतको लखनउमा उपचार भई रहेको र निजको घरको आर्थिक अवस्था कमजोर भएका कारण नगरपालिकाको कार्यालयमा निवेदन पेश गरेकाले विमारी रजनी धामीको शिघ्र स्वास्थ्य लाभको कामना सहित निजको उपचारार्थ नगरसभावाट अर्थिक सहयोग विनियोजित रकमवाट रु.२५,०००।– सहयोग गर्ने निर्णय गरियो ।

निर्णय नं.७ :- प्रस्ताव नं.७ माथि छलफल गर्दा यस नगरपालिका वडा नं. १ गोप्का टोलमा रहेको ताल हालसम्म माछा पालन तथा विक्रिवितरण कार्यका लागि ठेक्का नलगाईएको हुदाँ उक्त ताल ठेक्का लगाउन न्यूनतम वढावढ अंक रु.२०,०००। कायम गरी यस कार्यालयको मौजुदा सूचिमा रहेका फर्महरुवाट लिखितरुपमा दररेट माग गर्न ७ दिने सूचना प्रकाशन गरी ठेक्का प्रक्रिया अघाडी वढाउने निर्णय गरियो ।

निर्णय नं.८ :- प्रस्ताव नं.८ माथि छलफल गर्दा साविक जिल्ला प्राविधिक कार्यालय कैलालीवाट निर्माण कार्यका लागि सुदुर पश्चिम सामुदायिक विकास मञ्च धनगढी कैलालीसंग सम्झौता भई कार्यान्वयन चरणमा रहेका र हाल जिल्ला प्राविधिक कार्यालय खारेज भई यस कार्यालयमा हस्तान्तरण भई आएका चन्दैयाघाट झो.पु.(गौरीगंगा नगरपालिका वडा नं.११ - कैलारी गाउँपालिका) र खुरखुरिया झो.पु. (गौरीगंगा न.पा.वडा नं. १-४) को सम्झौता अनुसार कार्य सम्पन्न गर्न हुन र तपसिलमा उल्लेखित थप झो.पु.को प्राथमिकरणका आधारमा लागत अनुमान तथा विस्तृत सर्भेडिजाईनका लागि सुदुर पश्चिम सामुदायिक विकास मञ्च धनगढी कैलालीलाई कार्यादेश दिने निर्णय गरियो ।

तपसिल

८.१ लिक्मा झो.पु. ( मटकौना – अन्डैया ५ र ७ )

८.२ कटैनी झो.पु. (वडा नं. ९)

८.३ चमारीपुर उदासीपुर लिक्मानदी झो.पु. ( वडा नं. ८ र १० )

निर्णय नं. ९ :- प्रस्ताव नं.९ माथि छलफल गर्दा गोदावरी नगरपालिका अतरियामा रेडक्रस भवन निर्माणका लागि आर्थिक सहयोग मागभई आएकाले नगरसभावाट अर्थिक सहयोग विनियोजित रकमवाट रु.२५,०००।– अतरिया रेडक्रस भवन निर्माणका लागि सहयोग गर्ने निर्णय गरियो ।

निर्णय नं.१० :- प्रस्ताव नं.१० माथि छलफल गर्दा यस नगरपालिका भित्र कवाडी कर संकलनका लागि ठेक्का लगाउन मिति २०७५/०४/३० गतेको कार्यपालिका वैठकवाट रु.१८,००,०००।– न्यूनतम वढावढ अंक कायम गरी ठेक्का लगाउन शिलवन्दी दरभाउपत्र आह्वान गर्दा कुनै पनि दरभाउपत्रदाताले दरभाउपत्र खरिद तथा दर्ता नगरेकाले आजको कार्यपालिका वैठकवाट न्यंनतम वढावढको अंक रु.१८,००,०००।– वाट घटाई रु.५,००,०००।– कायम गरी पुनह शिलवन्दी दरभाउपत्र आह्वानका लागि सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

निर्णय नं.११ :- प्रस्ताव नं.११ माथि छलफल गर्दा संघीय मामिला तथा सामान्य प्रशासन मंन्त्रालयवाट यस कार्यालयलाई प्राप्त दरवन्दी संगठन संरचना अनुसार १ जना कानून अधिकृतको दरबन्दी रहेको तर हाल उक्तपद रिक्त भई नगरसभावाट स्वीकृत गरी लागु गर्नुपर्ने विभिन्न ऐन,कानून,कार्यविधिहरु तयार गर्न,नगरपालिकामा आईपर्ने विभिन्न कानूनि वाधा अड्चनमा कानूनि सल्लाह लिन र न्यायिक समितिमा कानूनि उपचारका लागि दर्ता भएका मुद्दाको किनारा लगाउन समस्या भएकाले उक्त पदमा स्थायि पदपूर्ति भएमा स्वतह सेवा करार भंग हुने गरी १ जना कानून अधिकृत आवश्यक प्रक्रिया पुरा गरी सेवा करारमा लिने निर्णय गरियो ।

निर्णय नं. १२ :- प्रस्ताव नं.१२ माथि छलफल गर्दा संङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय तराई मधेश समृद्धि कार्यक्रम केन्द्रीय समन्य इकाई नयाँ बानेश्वर काठमाण्डौको मिति २०७५ कार्तिक ९ गते गोरखापत्रमा प्रकाशित सूचना अनुसार मानव विकास सूचकाङ्कमा पछाडी परेका तराई –मधेशका २१ जिल्लाका स्थानीय तहवाट आयोजना / कार्यक्रम माग फराम पेशका लागि आह्वान गरेकाले यस नगरपालिकावाट तपसिलमा उल्लेखित आयोजना/कार्यक्रमहरुको माग फाराम भरी संङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय तराई मधेश समृद्धि कार्यक्रम केन्द्रीय समन्य इकाई नयाँ बानेश्वर काठमाण्डौमा पेश गर्ने निर्णय गरियो ।

१२.१ मंगलपुर -चनौरा -जोगनिया ताल हुदै ध. उ.म.न.पा.सिमाना जोड्ने सडक कालोपत्रे वडा नं. १

१२.२ राजमार्गदेखी दक्षिण मंगल वि.क.को घरदेखी -शंकरपुर-भगवानपुर हुदै-रजियावनखेत सडक कालोपत्रे वडा नं. ९

१२.३ राजीपुर पुरानो बजार देखी खुरखुरिया दक्षिण कुट्टी कटान सडक कालोपत्रे वडा नं. ४

१२.४ साझा वजार – स्वास्थ्य चौकी-पिपलडाँडाँ हुदै गिधनिया सम्म सडक कालोपत्रे वडा नं. ८

१२.५ वालुवाटार-पूर्विजिराईतहुदै - दानकोट सडक कालोपत्रे वडा नं. ५

१२.६ डेरी उद्योग संचालन तथा व्यवस्थापन ।

१२.७ कृषी उपज संकलन तथा विक्रीकेन्द्र भवन पूर्वाधार निर्माण मसुरिया वडा नं.९

१२.८ कृषी उपज संकलन तथा विक्रीकेन्द्र भवन पूर्वाधार निर्माण चौमाला वडा नं.१

१२.९ चौमाला नदी नियन्त्रण तथा तटवन्धन वडा नं. २

१२.१० गौरीगंगा नदी नियन्त्रण तथा तटवन्धन वडा नं. ३